पूर्वेली जनसञ्चार सहकारी संस्था लि. विराटनगरद्वारा प्रकाशित
www.hamromat.com www .facebook .com/hamromat2/www.facebook.com/hamromat1/

श्री गणपति ज्वेलरी
SHREE GANAPATI JEWELERY Biratnagar-4 ESTD .:2068
फोन नं. : ०२१-४६२५६५, ०२१-४६०६१९
विराटनगर-४, कञ्चनबारी ★सुन ★चाँदी ★रत्न
हिजोको सुन चाँदीको दरभाउ प्रति तोला
११.६६४=१ तोला
यहाँ अर्डर बमोजिम सुन, चाँदीका गरगहना बनाउनुका साथै तयारी गरगहना पनि बिक्री गरिन्छ ।
छापवाला सुन रू. ११७,००० ।००
तेजावी सुन रू. ११६,५०० ।००
चाँदी रू. १,४७० ।००
श्री गणपति मनि ट्रान्सफर | हामीकहाँ सम्पूर्ण रेमिटान्सको सेवा पनि छ ।

# हाम्रोमत
राष्ट्रिय दैनिक

भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं
भूकम्पले :
- घर, पुल तथा अन्य संरचना भत्कन सक्दछ ।
- विद्युत् तथा टेलिफोन सेवा अवरोध हुन सक्दछ ।
- बाढी, पहिरो तथा आगलागीको जोखिम भई जनधनको क्षति हुन सक्दछ ।
त्यसैले,
- घर , पुल तथा अन्य संरचना बनाउँदा भूकम्प प्रतिरोधी बनाऔं ।
- घरवरिपरि तथा सार्वजनिक स्थललाई खुल्ला राखौं ।
- भूकम्प गएमा खुल्ला तथा सुरक्षित स्थानमा जाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २०, अंक : १७९ | २०८० मंसिर ७ गते बिहीबार | 2023 November 23 Thursday | Hamromat National Daily | मूल्य रू. ५

## कोशीमा दुध उत्पादन प्रोत्साहन कार्यक्रम

# प्रदेशले बाँड्यो ९ करोड ६५ लाख अनुदान

♦ अर्जुन आचार्य

*विराटनगर, ६ मंसिर*

कोशी प्रदेश सरकारले महत्वका साथ घोषणा गरेको दुधमा प्रतिलिटर २ रुपैयाँ दिने अनुदान कार्यक्रम प्रभावकारी हुँदै गएको छ ।

आर्थिक वर्ष २०७९-८० मा प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री इन्द्रबहादुर आङ्बोले उत्पादनका आधारमा अनुदान दिने नीति अगाडि सारेका थिए । बजेट मार्फत दुध उत्पादक किसानले प्रतिलिटर २ रुपैयाँका दरले अनुदान दिई दुध उत्पादनलाई प्रोत्साहन गर्ने घोषणा गरेका थिए । सो कार्यक्रम अनुसार गत वर्ष झण्डै २२ हजार किसानलाई सरकारले ९ करोड ६५ लाख ८७ हजार २०० रुपैयाँ अनुदान रकम भुक्तानी गरेको छ ।

प्रदेशको उद्योग, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत रहेको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयकाअनुसार धनकुटा, तेह्रथुम, झापा, इलाम, मोरङ र सुनसरीका किसानहरुलाई ४ करोड ८२ लाख ९३ हजार ६ सय लिटर दुध उत्पादन गरेबापत उक्त अनुदान उपलब्ध गराइएको हो ।



अनुदानको कार्यक्रम भने औपचारिक क्षेत्रमा दुध बिक्री गर्ने किसानहरूलाई मात्र उपलब्ध गराउने सरकारको नीति छ । तथ्याङ्क अनुसार धनकुटा र तेह्रथुमका ४ हजार ४६९ जना किसान आवद्ध भएका ३१ वटा, झापा र इलाममा १० हजार ७१७ जना किसान आवद्ध ४० वटा, मोरङका ४ हजार बढी किसान आवद्ध २० वटा र सुनसरीका ३ हजार बढी किसान आबद्ध १५ वटा संस्था तथा सहकारी मार्फत् उक्त अनुदान रकम प्रत्यक्ष रुपमा किसानलाई उपलब्ध गराएको हो ।

प्रदेश सरकारले दिने अनुदानका कार्यक्रम, संघ सरकारले बोका तथा बाख्रा स्रोत केन्द्र स्थापनाका लागि दिएको विशेष अनुदान र ब्लक विकास कार्यक्रमका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम गरी गत वर्ष ३३ करोड ४७ लाख ७ हजार ५८८ रुपैयाँ अनुदान बाँडेको छ ।

यस्ता अनुदानको कार्यक्रमबाट प्रदेशका २४ हजार ५१७ जना किसान लाभान्वित भएका छन् । दुधमा अनुदान दिने कार्यक्रम अन्य जिल्लामा पनि विस्तार गर्ने गरी चालू आर्थिक वर्षमा कार्यक्रम राखिएको निर्देशनालयका प्रमुख पशुपति ढुंगानाले बताए ।

> **पशुपालक किसानलाई मात्रै ३३ करोड अनुदान, पाउडर र घिउ निर्यातमा अनुदान दिन डेरी उद्योगहरूको माग**

यस्तै अनुदान वितरणप्रति नकारात्मक प्रचार बढी भएको भन्दै कृषि मन्त्रालयले भने कार्यक्रमलाई परिमार्जन गर्ने तयारी गरेको छ । 'अनुदान ५-१० प्रतिशत गलत ठाउँमा गएको हुनसक्छ । तर, धेरै स्थानमा अनुदानको रकम सदुरुपयोग नै भएको छ । तर, प्रचार एकदमै नराम्रो भयो,' मन्त्रालय स्रोतले भन्यो, 'त्यसकारण प्रदेश सरकारले प्रतिस्थापनबाट आउने बजेटमा कृषि क्षेत्रमा प्रदेश सरकारले दिने अनुदानको रकमलाई ब्याज अनुदान दिनेगरी बैंकसँग साझेदारी गर्न लागेको छ ।'

▶ बाँकी ३ पेजमा

## प्रदेश निर्वाचनको एक वर्ष:

# अलमलमै सरकार र संसद



♦ हाम्रोमत संवाददाता

*विराटनगर, ६ मंसिर*

निर्वाचन सम्पन्न भएको १ वर्ष वितेको छ । यसबीचमा कोशी प्रदेशमा पाँच पटक सरकार गठन भयो । पहिलो पटक गठन भएको सरकार मुस्किलले ६ महिना चलेको भए पनि बाँकी सरकारले एक सय दिन कटाएको दृष्टान्त छैन । सरकारले सय दिने हनिमुन पिरियड बिताउन नसकेको मात्र होइन कोशी सरकारले यो एक वर्षसम्म पूर्ण आकारको मन्त्रिपरिषद् कहिल्यै पाउन सकेन ।

सरकार फेरबदलको असर केवल सरकारमा मात्र होइन प्रदेश सभामा पनि उत्तिकै परेको छ । सरकार अस्थिर हुँदा ११ महिनापछि मात्र संसदीय समिति गठन भयो । ढिलो गरी गठन भएको समितिहरु अझै सभापतिविहीन छन् । समितिको बैठकसम्म बस्ने वातावरण बनेको छैन । यस अवधिमा धेरै सरकार बने र दर्जनौं व्यक्तिहरु मन्त्रीहरु बनायो । तर, आफ्नो लय भने अझै राम्ररी पक्रन सकेको छैन ।

सत्तारुढ गठबन्धनका एक नेताका अनुसार अझै पनि अध्यादेशबाट आएको बजेट पारित नभएसम्मका लागि सरकार विस्तार र संसदीय समितिको सभापति चयनको विषय टुंगो लाग्ने अवस्था छैन ।

काँग्रेस संसदीय दलका प्रमुख सचेतक भुपेन्द्र राईले बजेट पारित गरेर मात्रै सरकारलाई पूर्णता दिने बताए । यस्तै संसदीय समितिको सभापति र प्रदेशको सभामुख चयनको विषय पनि त्यसपछि सुरु हुनेछ । सरकारले मंसिर १६ गतेसम्ममा बजेट अध्यादेश प्रतिस्थापन विधेयक पारित गरिसक्नुपर्ने छ । पारित भएलगत्तै सरकारले पूर्णता पाउने राईको भनाइ छ ।

कोशी प्रदेशका तीन मन्त्री अहिले पनि जिम्मेवारीबिहीन छन् । गठबन्धनमा मन्त्रालयको भागबण्डा नटुंगिएको कारण मन्त्रीहरु गणेश उप्रेती, शम्शेर राई र कमलप्रसाद जबेगुले जिम्मेवारी नपाएका हुन् । शम्शेर राई यसअघि असोज २७ गते मन्त्री नियुक्त भएका थिए । सोही दिन मन्त्रीमा नियुक्त भएका एमालेका रामबहादुर राना मगरले भने कार्तिक १८ गते राजीनामा दिए ।

▶ बाँकी ३ पेजमा

# वडाअध्यक्षबाटै सरकारी मोटरसाइकल दुरुपयोग

विराटनगर, ६ मंसिर (हाम्रोमत)- मोरङको पथरीशनिश्चरे नगरपालिका वढा नम्बर ३ का वडा अध्यक्ष बिजय लिम्बुले कार्यलय प्रयोजनको सरकारी मोटरसाइकल दुरुपयोग गरेको पाइएको छ । उनले नगर पालिकाबाट लिएको मोटरसाइकल निजी काममा प्रयो ग गर्ने गरेका छुन् ।

उनलाई नगरले दिएको को १ ब १६५४ नम्बरको मोटरसाइकलमा उनले दैनिक निजी व्यवसायका लागि डिजेल बोक्ने गरेका छन् । ञवडा अध्यक्ष निर्वाचित भएको केहि समय देखि नै वडा अध्यक्षले उर्लाबारीबाट डिजेल त्यहि मोटरसाइकलमा ल्याउनु हुन्थ्यो, अहिले पनि सो कार्यलाई निरन्तरता दिनु भएको छञ वडा अध्यक्ष लिम्बूको गतिविधि नजिकबाट नियालिरहेका एक स्थानीयले भने ।

उनका अनुसार वडा अध्यक्ष ट्रयाक्टर ब्याबसायी हुन् । उनले आफ्नो ट्रयाक्टरमा प्रयोग हुने डिजेल बोक्न त्यही मोटरसाइकल प्रयोग गर्छन् । वडा बासीको कार्य सम्पादनका लागि नगरपालिकाले वडा अध्यक्षहरुलाई सबारी साधनको सुबिधाका साथै मासिक इन्धन खर्च र मर्मत खर्च समेत उपलब्ध गराउदै आएको छ ।

# जवानीमा अपराध, बुद्यौलीमा कारावास


धन कुमार राई


देवि प्रसाद राई

♦ हाम्रोमत संवाददाता

*विराटनगर, ६ मंसिर*

व्यक्ति हत्या गरेर लुक्दैछिप्दै बसेका मोरङका दुई जना अभियुक्त मंगलबार १६ वर्षपछि पक्राउ परेका छन् ।

मोरङको मिक्लाजुङ गाउँपालिका -१ का ५० वर्षे धनकुमार राई र सोही ठाउँका ७० वर्षे देविप्रसाद राईले जवानीमा गरेको अपराधको सजाय १६ वर्षपछि भोग्नु पर्ने अवस्था आएको छ ।

उनीहरुले २०६४ जेठ २० गते राती मोरङ रमितेखोला-४ हाल मिक्लाजुङ गाउँपालिका वडा नं.१ बस्ने जाहेरवाला सुकजित राईको दाजु ३५ वर्षका सन्तोष राईलाई धनकुमार राई समेतले कुटपिट गरि हत्या गरेको आरोप छ । हत्या गरेपछि उनीहरुले जंगलमा लगी शव गाडेको प्रहरीको अनुसन्धानबाट खुलेको थियो । अनुसन्धानपछि २०६७ सालमा मोरङ अदालतको फैसलाले धनकुमार र देविप्रसादलाई पाँच वर्ष कैद सजायँ ठहर गरेको थियो । उनीहरुले अपराध गर्दा धनकुमारको उमेर ३४ वर्ष थियो भने देवीप्रसाद ५४ वर्षका थिए ।

▶ बाँकी ३ पेजमा






## हाम्रोमत सम्पादकीय

# प्रसाईको अराजकता र भ्रम

अनियन्त्रित सामाजिक सञ्जालको प्रभाव, बेराजगार युवा पुस्ताको आक्रोश र राजनीतिक परिवर्तनले नागरिकको अवस्थामा ल्याउन नसकेको परिवर्तनको कारण अहिले आम नेपालीमा निराशा बढ्दो छ । त्यसमाथि चर्को महंगी, बढ्दो आर्थिक संकटका कारणले नागरिक तहमा आक्रोश र चिन्ता बढाएको छ । त्यसलाई मनोबैज्ञानिक रुपमा प्रयोग गर्दै राजनीति गर्ने संस्कार नेपालमा केहि समयदेखि बढेकै छ । बालेनदेखि रवि लामिछानेसम्मले त्यसलाई आफ्नो राजनीतिक सिंढी चढ्ने मुख्य हतियार बनाए । व्यवस्था र व्यवस्था सञ्चालकहरुविरुद्ध चर्को गालीगलौज गरेर अगाडि बढ्न सकिन्छ भन्ने भाष्य नेपाली जनताले गएको निर्वाचनमा एक हदसम्म अनुमोदन गरिदिएपछि अहिले दुर्गा प्रसाईं त्यहि बाटो हिँड्दैछन् ।

प्रसाईको परिचय विवादै विवादले घेरिएको छ । काँग्रेस पृष्ठभूमिबाट माओवादी बनेर ससुरालीको जग्गा प्राप्त गर्न सफल भएका प्रसाई आफ्नो मेडिकल कलेजको सम्बन्धन दिलाउन एमाले बने । माओवादीको जिल्लास्तरका कार्यकर्ता रहेका उनलाई प्रचण्ड र माओवादीको चर्को गालीगलौज गरेको कारण पुरस्कृत गर्दै एमालेले केन्द्रीय सदस्य बनाइदियो । तर, आफ्ना चाहना पुरा हुन नसकेपछि प्रसाई समस्यामा परे । अस्पताल र मेडिकल कलेजको अरबौं बैंक ब्याजको दबाबमा रहेका उनी बैंकविरुद्ध अराजक अभिव्यक्ति दिँदै एमाले छाडेर । आफ्नो आन्दोलनमा लागेपछि २० लाखसम्मको ऋण तिर्नुपर्दैन भन्दै हावादारी भाषण कतिपय सोझासिधा ऋणिहरुले पत्याएर उनको पछि लागेपछि उनी थप हौसिए । अहिले व्यवस्था नै परिवर्तन गरिदिन्छु भन्दै जथाभावी बोल्दै हिंडेका छन् ।

प्रसाईका अभिव्यक्ति सुन्ने हो भने उनी सन्तुलित छैनन् । उनी आफैं समस्यामा छन् भन्ने प्रष्ट देखिन्छ । तर, खासगरि प्रमुख विपक्षी दल नेकपा (एमाले) ले अझै उनलाई अराजक बन्न उक्साइरहेको छ । प्रसाईले काठमाडौंमा मंसिर ७ गते प्रदर्शन गर्ने घोषणा गरेपछि एमाले (युवा संघ)ले पनि सोहि दिन प्रर्दशनको घोषणा गर्‍यो । झडपको अवस्था नबनोस् भनेर सरकारले निषेधाज्ञासमेत लगाउनु परेको छ । शान्तिपूर्ण विरोध प्रदर्शन लोकतन्त्रिक र संवैधानिक हक हो । सरकारको काममा चित्त नबुझ्दा आमनागरिक सडकमा आउन सक्छन् । त्यसलाई शान्तिपूर्ण बनाउने वा भड्किन नदिने जिम्मेवारी भने आयोजक पक्षको हो । सरकारले पनि यस्तो विरोधलाई धैर्यपूर्वक हेर्ने र अशान्ति मच्चाउन खोजिएको छ भने त्यसलाई तद्नुकूल नियन्त्रण गर्ने हैसियत राख्छ । त्यसका निम्ति यस्तो आयोजनाबारे गम्भीर विश्लेषण गर्ने र तद्नुकूलको रणनीति कायम गर्न सरकार तत्पर हुनुपर्छ । सरकारले त्यो गरिरहेको नै देखिन्छ ।

तर, प्रसाईले संविधान च्यात्छन् वा व्यवस्था उल्ट्याउँछन् भन्ने एमालेसहित सरकार पक्षको त्रास होस् वा उनले राजतन्त्र ल्याइदिन्छन् र त्यसको उपभोग गर्न पाइएला भन्ने पूर्वपञ्चदेखि ऋण तिर्न नपर्ला भन्ने ऋणिहरुको आस दुबै पुरा नहुने कुरा हुन् । यसमा प्रसाईलाई अनाश्यक रुपमा बढाईचढाइ गर्ने काम भएको छ । उनीसँग भिड्ने भन्दै समानन्तर कार्यक्रम घोषणा गर्नु एमालेको पराजीत र कमजोर मानसिकता हो । हिजो कुनै हैसियत नभएका प्रसाईलाई 'माओवादीलाई तथानाम गाली गर्ने योग्यता' कै आधारमा केन्द्रीय सदस्य बनाएको एमाले अहिले प्रसाईंसँग यतिधेरै तर्सनुपर्ने अवस्था देखिन्न । बरु आफूले प्रसाईंजस्तालाई चपाप्नु गलत भएको स्वीकार गरेर सच्चिनुपर्ने हो । तर, विवादित पप्पु कन्ट्रक्सनका मालिक यहिबेला एमाले प्रवेश गरेका छन् । अनि प्रसाईको कार्यक्रममा पुगेका सोझासिधा महिलालाई मध्यरातमा सुतेको स्थानमा पुगेर एमाले कार्यकर्ताले दुर्ब्यवहार गरेको पाइएको छ । यस्ता हर्कतले नै प्रसाईहरुलाई थप फाइदा हुने हो । एमाले र मुलधारका राजनीतिक दलहरुले बुझ्नुपर्ने विषय हो, यो ।

आफ्ना कमजोरीलाई सुधार गर्दै परिवर्तन भएको व्यवस्थामार्फत नागरिकको अवस्था कसरी परिवर्तन गर्ने भन्नेमा दलहरु गम्भीर हुनुपर्ने आजको आवश्यकता हो । नागरिकको अपेक्षा पुरा गर्न सबै गम्भीर भएर नलागेकै कारण कुनै हैसियत नभएका पात्रले समेत आफूलाई ठूलो मसिहाका रूपमा प्रस्तुत गर्ने प्रयास गर्दैछन् । एमालेसहित दलहरुको अहिलेको सबैभन्दा त्रास प्रसाईंप्रति भन्दा पनि आफ्नै कमजोरीप्रति हो । प्रष्ट छ, प्रसाईंले तत्काललाई अराजकता फैलाउन बाहेक केहि गर्न सक्दैनन् । न व्यवस्था परिवर्तन हुन्छ, न त ऋणिहरुको ऋण मिनाहा हुन्छ । तर, तल्लो तहका नागरिकहरु उनीजस्ता व्यक्तिलाई विश्वास गर्ने तहमा कसरी पुगे भन्नेमा गम्भीर समिक्षा गर्न आवश्यक छ ।

# टिकटक प्रतिबन्धपछि
# कथित सम्भ्रान्तको बिलौना






■ डा. सुरेश आचार्य

'मनलाग्दी आक्षेप लगाउने, घृणा व्यक्त गर्ने, अश्लील सामग्री पोष्ट गर्ने, समुदायमाथि नै हिलो छ्याप्ने, नितान्त व्यक्तिगत र पारिवारिक मामिलालाई सार्वजनिक महत्वको विषय हो झैं गरेर प्रस्तुत गर्ने, गलत र झुटा सूचना र विश्लेषण दिने जस्ता काम टिकटकमा नभएका होइनन् ।' यति टिप्पणी गरिसकेपछि पनि टिकटक सूचना र विचारको माध्यम थियो भन्नु आफैंमा विरोधाभाष हो ।

सरकारले सामाजिक सञ्जालमा बहुचर्चा पाएको टिकटकमाथि प्रतिबन्ध लगाउने निर्णय गरेपछि यसको पक्षमा लेख्नु वा बोल्नु भुङ्गोमा हात हाल्नु जत्तिकै भएको छ । कतिपय मिडियाले सर्वसाधारणको पहुँचमा रहेको ' लोकप्रिय सार्वजनिक प्लाटफर्म' भनेर टिकटको निकै बखान गरेका छन् । सरकारको यो निर्णय अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रता समेतविरुद्धमा भएको कतिपय नेतासमेतलाई लाग्न थालेको छ । सरकारले भने यो निर्णय गर्दैगर्दा 'टिकटकबाट सामाजिक सद्भाव बिगार्ने' काम भएको बताएको छ ।

कतिपयले टिकटकले सूचना, विचार र मनोञ्जन प्रवाह गरेको टिप्पणी पनि गरेका छन् । यस्तो टिप्पणी आमसञ्चारकै माध्यमबाट आएको छ । यो सत्य हो भने अब आमसञ्चार माध्यमको विकल्पका रूपमा सामाजिक सञ्जाललाई स्वीकार गरेर अगाडि बढ्नु पर्ने हुन्छ । अन्यथा सामाजिक सञ्जालमध्ये पनि टिकटक मनोरञ्जनको साधन निश्चित हो । सूचना र विचारको माध्यम पनि यही हो भनेर मान्ने हो भने त्यहाँ आउने गलत सूचना र सन्देशको जिम्मेवारी पनि यी टिप्पणीकर्ताले नै लिनु पर्ने हुन्छ । यद्यपि, टिप्पणीकर्ताले आफैंले स्वीकार पनि गरेका छन् : 'मनलाग्दी आक्षेप लगाउने, घृणा व्यक्त गर्ने, अश्लील सामग्री पोष्ट गर्ने, समुदायमाथि नै हिलो छ्याप्ने, नितान्त व्यक्तिगत र पारिवारिक मामिलालाई सार्वजनिक महत्वको विषय हो झैं गरेर प्रस्तुत गर्ने, गलत र झुटा सूचना र विश्लेषण दिने जस्ता काम टिकटकमा नभएका होइनन् ।' यति टिप्पणी गरिसकेपछि पनि टिकटक सूचना र विचारको माध्यम थियो भन्नु आफैंमा विरोधाभाष हो ।

नागरिकको प्रश्न गर्ने अधिकार टिकटक बन्द भएका कारण समाप्त भएको छ भनेर निष्कर्ष निकाल्नु भनेको अरू माध्यम खास गरी आमसञ्चार माध्यमकै अवमूल्यन गर्नु हो । विकृति र विसङ्गति जहाँ बढी हुन्छ, त्यसलाई रोक लगाउनु वा कुनै माध्यमले अराजकता सिर्जना गर्छ भने त्यसलाई आवश्यकता अनुसार पुरै वा निश्चित समयका लागि रोक लगाउनु राज्यको दायित्व पनि हो । यत्रो विकृति फैलँदासम्म सरकार के हेरेर बसेको थियो भन्ने तिनै मिडियाबाट उठ्न सक्ने प्रश्नको समयमै उपचार खोज्नुलाई नियन्त्रणमुखी सोच वा निरंकुशता भनेर बुझ्नु पनि गलत हुन्छ । सरकार वा राज्यका कुनै निकायले नागरिकको प्रश्न गर्ने अधिकार वा त्यस्ता माध्यमलाई निषेध गरेर राज्य चलाउन सम्भव छैन भन्ने कुरा अहिलेका जस्ता सूचना प्रविधिले ल्याएका साधन वा माध्यम नहुँदा राजाका शासन र राजतन्त्रसमेत समाप्त गर्ने आजको पुस्ताले किन उति चाँडै यथार्थ भुलेको अभिनय गरिरहेको छ ?

टिकटकमा प्रतिबन्ध लगाउने नेपाल पहिलो मुलुक होइन, न त यो अन्तिम मुलुक नै हुने छ । सयौँ वर्षदेखि लोकतन्त्रको अभ्यास गरिरहेका मुलुकमा पनि टिकटक समस्या बन्यो र प्रतिबन्ध लागेको छ । अमेरिका, बेलायत, अस्ट्रेलिया, न्युजिल्यान्ड, डेनमार्क, फ्रान्स, नेदरल्यान्ड, नर्वे, क्यानडा विश्वका चर्चित लोकतान्त्रिक मुलुक हुन् । ती मुलुकलाई समेत टिकटकमार्फत आएका सूचना वा सन्देश राष्ट्रिय सुरक्षा जोखिम लाग्नुका पछाडिका पक्कै भरपर्दा कारण होलान् । यी देशले सरकारी अधिकारीलाई टिकटक प्रयोगमा प्रतिबन्धलगाएका छन् । यसको अर्थ यो माध्यमबाट वैयक्तिक सूचनासमेत बाहिरिने वा यसको अनधिकृत प्रयोग हुन सक्ने भन्ने बुझिन्छ । त्यस्तै, भारत, बेल्जियम, अस्ट्रिया, अर्मेनिया, अजरबैजान, इस्टोनिया, आयरल्यान्ड, ताइवान, लात्भिया, सोमालियालगायतले सुरक्षा जोखिमलाई नै मुख्य कारण मानेका छन् । अर्कोतिर खास गरी मुस्लिम बाहुल्य पाकिस्तान, अफगानिस्तान, इरान, बङ्गलादेश, इन्डोनेसिया जोर्डनलगायत देशहरूले धार्मिक द्वन्द्व फैलिन सक्ने जोखिम देखाएर टिकटकमा रोक लगाएका छन् । नागरिकका वैयक्तिक सूचनासमेतको सुरक्षा गर्नु सरकारको कर्तव्य मान्नेहरूले टिकटकमाथिको रोक बेठिक र भयावह मान्नु पर्ने कारण छैन ।

एक तथ्याङ्क अनुसार, २२ लाख नेपालीले टिकटक उपयोग गरेका छन् । यो भनेको नेपालको कुल जनसंख्याको सात प्रतिशतको हाराहारी हो । अझ एउटै मानिसले फेक आइडी बनाएर कति वटा टिकटक चलाएको छ, यसको कुनै गणना छैन । तीमध्ये पनि यसका अधिकांश उपभोक्ता देश बाहिर बस्नेहरू हुन् । रातबिरात टिकटकमा बस्ने, अश्लील बोली र अङ्ग प्रदर्शनमा रमाउने यो जमातले अभिव्यक्ति स्वतन्त्रता गुमाएको छैन, केवल आफ्नो आरामको समय अनावश्यक खर्चेर आफ्नो स्वास्थ्यप्रति उपेक्षा गरेको छ । आफ्नो सिर्जनशीलतालाई समाप्त गरेको छ । पति, पत्नी र परिवारका सदस्यबीचको सम्बन्धमा समस्या ल्याएको छ । अपसंस्कृतिको विकास गरेको छ । सरकार र राज्यप्रतिको असन्तुष्टिलाई अराजक शैलीमा प्रस्तुत गरेर जनमानसलाई भड्काउने प्रयत्न गरेको छ ।

टिकटक पुरुषभन्दा महिलामाझ बढी लोकप्रिय छ । नेपालमा पछिल्लो चार वर्षमा टिकटकसँग सम्बन्धित सयौं साइबर अपराधसम्बन्धी मुद्दा दर्ता भएका छन् । यी मुद्दामा मूलतः परिवार विखण्डनका मुद्दा धेरै छन् भने ठगीका घटनामा पनि टिकटक माध्यम बनेको छ । यी भन्दा कति गुणा बढी मानिस सार्वजनिक बदनामीका डरले मुद्दा लिएर प्रहरी वा अदालतमा जान सक्ने अवस्था पनि नरहेको हुन सक्छ ।

हरेक साधन, वस्तु वा व्यक्तिका राम्रा र नराम्रा पक्ष हुन्छन् । कतिपयले टिकटक उपयोग गरेर राम्रा सूचना र सन्देश पनि प्रवाह गरेका थिए । सामान्य नागरिकले आफ्नो प्रतिभा, विचार, भोगाइ राख्ने माध्यमका रूपमा यसको उपयोग गरेका थिए । साना तथा मझौला व्यापारीले आफ्नो वस्तु तथा सेवाको प्रचार प्रसार गरेर व्यवसाय प्रवर्धन पनि गरेका थिए । कतिपयले यसलाई सार्वजनिक चासोका विषयको बहसको फोरम पनि बनाएका थिए तर यी सकारात्मकभन्दा बढी नकारात्मक प्रचार र अपसंस्कृतिको विकासमा टिकटक दुरुपयोग भएकै हो । डाक्टरका नाममा अनेक उपचारको सुझाव दिनेले मानिसका रोग निको पारेका थिए वा ठगी पनि गरेका थिए ? भुक्तभोगीले मात्र यसको जवाफ दिन सक्छन् ।

अभिव्यक्ति स्वतन्त्रता र स्वच्छन्दतालाई एउटै ठानेर व्याख्या गर्ने हो भने अभिव्यक्ति स्वतन्त्रताको एउटा माध्यम नियन्त्रण गरिएको अर्थमा यसलाई बुझ्न सकिन्छ । सूचना प्रविधिको यो युगमा एकपछि अर्को अभिव्यक्तिका माध्यम आइरहेकै छन् । यो क्रम कुनै सरकारले कुनै माध्यमा प्रतिबन्ध लगाएकै कारण रोकिने सम्भावना पनि छैन । टिप्पणी गर्नेहरूले भने जस्तो यो सर्वसाधारणको सहज पहुँचको सरल प्रविधियुक्त माध्यम पनि होइन । यसलाई कसरी अपलोड गर्ने, इफेक्ट कसरी राख्ने, कसरी यथार्थलाई तोडमरोड गरिएको हुन्छ भन्ने जानकारी टिकटक चलाउने कतिपयलाई अहिले पनि छैन । नुन र चिनी नपाएर लाइन लागेका अधिकांश नागरिक टिकटक भनेको थाहै नभएका मानिस हुन् । उनीहरूलाई पहिलो सूचना टिकटकले नै दियो भनेर बुझ्नु कथित सम्भ्रान्तको बिलौना मात्र हो ।

सूचना प्रविधिको विकासले विश्व नागरिकलाई सुविधा र मनोरञ्जनसँगै खतरा र तनाव पनि बढाएको छ । चार जना मानिस बसेको ठाउँमा उनीहरूबिच संवाद हुन छाडेको छ । हरेक व्यक्ति आफ्नो रुचि अनुसारका सामाजिक सञ्जालमा व्यस्त हुने गरेका छन् । परिवारभित्रै सद्भाव र प्रेम घटेको छ । मानिस सामाजिक सञ्जालको दास बनेको छ । एकछिन उसको सेवामा हाजिर हुन नपाउँदा ऊ छटपटिन थालेको छ । कुनै मानिस सार्वजनिक स्थलमा समेत पहिला नेटवर्क र पासवर्डको खोजीमा हुन्छ । नभए इन्टरनेट डाटाको बिक्रेतालाई धनी बनाउन तयार हुन्छ । यी सञ्जालले सिर्जनशील बहस र संवादभन्दा कुनै आपराधिक चरित्रका व्यक्तिका पछाडि उसका उत्ताउला अभिव्यक्तिमा रमाएर कुद्ने बनाइदिएको छ ।

सरकारमा रहनेहरू भ्रष्टाचारमा मुछिएकाले असन्तुष्टि बढेको हो भने नागरिकको त्यो असन्तुष्टि सम्बोधन गरेर राज्यलाई व्यवस्थित गराउने दायित्व सरकारको हो । केवल आफ्ना कमजोरी लुकाउन राज्य संयन्त्रको दुरुपयोग गर्न खोजिएको हो भने त्यो राज्यले गरेको अपराध ठहर्छ । अन्यथा, टिकटक मात्र होइन, जुनसुकै सामाजिक सञ्जालले विकृति र विसङ्गति फैलाउने साधनका रूपमा प्रयुक्त हुन थाल्छ, त्यसबेला राज्य सञ्चालनको अर्थ सरकारले देखाउन सक्नु पर्छ, तर त्यसो गरिरहँदा संविधानको मूल भावना र आमनागरिकको चाहनाको सम्मान गर्नै पर्छ । यसो गर्दैगर्दा विकृत मनोविज्ञानबाट उठेका आवाजको बाहुल्यतालाई चुनौती दिन सरकार डराउनुपर्ने कारण हुँदैन ।

## २० अंकले बढ्यो सेयर बजार

◆ हाम्रोमत संवाददाता

*विराटनगर, ६ मंसिर*

मंगलबार २३ अंकले घटेको सेयर बजार बुधबार भने २०.६७ अंकले बढेको छ । सो अंकको वृद्धिपछि नेप्से १८५० विन्दुमा कायम भएको छ । सेयर बजार बढ्दा कारोबार रकम पनि बढेको छ । मंगलबार ९५ करोड ४ लाख रुपैयाँ बराबरको कारोबार भएकोमा बुधबार १ अर्ब ८ करोडको कारोबार भयो ।

कुल १९५ कम्पनीको मूल्य बढ्दा ४० को मात्रै घट्यो भने ३ को स्थिर रह्यो । सबै उपसमूहका सूचक बढेका छन् । होटल तथा पर्यटन उपसमूह सबैभन्दा धेरै ३.४९ प्रतिशत बढेको छ । त्यस्तै हाइड्रोपावर उपसमूह २.३ प्रतिशत बढ्यो ।

अंकका आधारमा वाणिज्य बैंक समूह ३, विकास बैंक ६, फाइनान्स २०, होटल तथा पर्यटन १६७, जलविद्युत् ४५, जीवन बीमा १०९, उत्पादन ८७, माइक्रोफाइनान्स २३, निर्जीवन बीमा १२२, अन्य २५ र ब्यापाार उपसमूह २८ अंक बढे ।

बुद्धभूमि हाइड्रोपावर, थ्रीस्टार हाइड्रोपावर र माथिल्लो मैलुङखोला हाइड्रोपावरको मूल्य सबैभन्दा धेरै १० प्रतिशत बढ्यो । त्यस्तै थ्रीस्टार हाइड्रोपावरको ९.७, पिपुल्स हाइड्रोपावरको ९.४, सोनापुर मिनरल्सको ८.६ प्रतिशत मूल्य बढ्यो ।

सयपत्री हाइड्रोपावरको ८.१, स्वाभिमान लघुवित्तको ५.९ प्रतिशत मूल्य घट्यो । कारोबार रकमका आधारमा सोनापुर सिमेन्ट, प्राइम कमर्सियल बैंक संस्थापक, मुक्तिनाथ विकास बैंक संस्थापक, हाथवे इन्भेस्टमेन्ट र हिमालयन डिस्टिलरी कम्पनी क्रमशः अगाडि रहे ।

## हरिबोधनी एकादशीमा खाँदबारी नगरपालिका विदा

◆ भविन कार्की

*संखुवासभा ६ मंसिर*

संखुवासभाको खाँदबारी नगरपालिकाले आज बिहीबार सार्वजनिक विदा दिएको छ । खाँदबारी -९ तुम्लिङटारस्थित धार्मिक तथा पर्यटकीयस्थल मनकमनामा लाग्ने हरिबोधनी एकादशी मेलाको अवसरमा बिहीबार सार्वजनिक बिदा दिने निर्णय गरेको हो ।

हरिबोधनी एकाशीको मेलाको अवसरमा एक दिन सार्वजनिक विदा दिने निर्णय गरेको खाँदबारी नगरपालिका नगर प्रमुख महेश थपलियाले जानकारी दिए ।

मनकामना परिसरमा धार्मिक, साँस्कृतिक र पर्यटकीय गतिविधि बढाउन एक दिन स्थानीय पर्व विदा दिने निर्णय गरेको नगरप्रमुख थपलियाले । एक दिन सरकारी तथा गैरसरकारी कार्यालय, शैक्षिक संस्था विदा रहने छन् ।

पूर्वको चर्चित धाम मनकामना परिसरमा हरिबोधनी एकादशीका दिन ठुलो मेला लाग्ने गरेको छ । हरिबोधनी एकादशीका दिन मनकामनाको दर्शन गर्न भारतका विभिन्न स्थान र झापा, मोरङ, सुनसरी, धनकुटा, भोजपुर र तेह्रथुम लगायतका जिल्लाबाट मेला भर्न आउने गरेका छन् । सडक विस्तारसँगै केही वर्षयता मनकामनामा आन्तरिक तथा बाह्य पर्यटकको चाप बढ्दै गएको स्थानीय बताउँछन् ।

## केहि महत्वपूर्ण टेलिफोन नम्बरहरू

### एमबुलेन्स सेवा

| | |
|---|---|
| मोरङ सहकारी अस्पताल | ५२३२३०, ९८४२२८२७७७ |
| जिसस मोरङ | ५३६३५३ |
| निर्माण व्य. संघ | ५२३८३६, ५३०५७२ |
| नेरेसो रंगेली | ५८००४८ |
| चेतनशील मित्र परिषद् | ९८४२२६६२३१ |
| नेपाल दुरसंचार सं.क. संघ | ५३३३३३ |
| पूर्वाञ्चल नर्सिङ होम | ५२३१५५ |
| अवधनारायण नर्सिङ होम | ५२२८११ |
| विराट नर्सिङ होम | ५२७०७१ |
| पथरी नर्सिङ होम | ५५५३४३ |
| लायन्स क्लव सेन्ट्रल | ५३७००१ |
| जीवन वि. स. कर्सिया | ५६५०८८ |
| शनिश्चरे एम्वुलेन्स सेवा | ५५५१४४ |
| न्युरो हस्पिटल प्रा.लि. | ४१७४७५, ४१६०२४ |
| पोखरिया बचत एम्बुलेन्स | ९८४२२७७६६६ |
| लाइफ गार्ड एम्बुलेन्स सेवा | ९७४२०४२३३३ |
| ग्रामीण महिला जागरण | ५३१०६५ |
| च्यारेटी ट्रष्ट धरान | ०२५-५२१६०० |

### दमकल

| | |
|---|---|
| विराटनगर बारूणयन्त्र | ४२०००० |
| इटहरी बारूणयन्त्र | ५८०१०१ |
| धरान बारूणयन्त्र | ५२०१९९ |
| इनरूवा बारूणयन्त्र | ५६०१०१ |
| दमक बारूणयन्त्र | ०२३-५८०१०१ |
| भद्रपुर बारूणयन्त्र | ०२३-५२०१०१ |

### अस्पताल

| | |
|---|---|
| कोशी अं. अ. इमरजेन्सी | ५२४२३४ |
| अवधनारायण नर्सिङ होम | ५२२८११ |
| विराट नर्सिङ होम | ५२२१४४ |
| विराट मेडिकल कलेज | ४२१०६३, ४२११८२ |
| ब्लड बैंक | ५२३३२६ |
| आँखा अस्पताल | ५२३७०६ |
| मोरङ सहकारी अस्पताल | ५२३२३० |
| सप्तकोशी नर्सिङ होम | ५२७९५४ |
| न्युरो हस्पिटल प्रा.लि | ४१७४८४, ४१६२६७ |
| नौलखा डेन्टल केयर | ५२१०८२ |
| नेपाल क्षयरोग निवारण संस्था | ५२२८२७ |
| लाइफ गार्ड हस्पिटल | ९७४२०४२३३३ |

### प्रहरी

| | |
|---|---|
| पूर्वाञ्चल क्षे.प्र.का. | ४३५००१ |
| जिल्ला प्रहरी | ५३०३५८, ५२३९०१, १०० |
| जिल्ला ट्रा.प्र.का. | ५३५३९९, १९९, ५३५५९९ |
| नगर प्र.का., विराटनगर | ५२१८५०, ५३०३६७, ११० |
| इ.प्र.का.,रानी | ४३५३६४, १०८ |
| सिआरभी (CRV) | १०९ |
| इप्र.का.,रंगेली | ९८५२०९०१४४ |
| इ.प्र.का., उर्लावारी | ५४०००२ |
| सिमा प्रहरी चौकी रानी | ४३५८४० |

### होटल

| | |
|---|---|
| होटल स्वागतम | ४७२४५० |
| होटल इष्टर्न स्टार | ४७१६२६ |
| होटल संगम पार्टी प्यालेस | ५३०४०३ |
| **एबी होटल** | ०२१-५११७७२ |
| होटल नमस्कार | ५२११९९ |
| होटल प्यासिफिक | ४७१०३६ |
| होटल मुन | ९८०२७२७७७७ |
| सगरमाथा पार्टी प्यालेस | ४७१४९३ |
| दिव्यरत्न होटल | ९८५२०३३२९६ |
| **होटल पाथिभरा इन** | ९८०२७६९१५९ |

पहिलो पृष्ठबाट बाँकी

## प्रदेशले...

कृषि मन्त्रालयले शून्य प्रतिशत ब्याजमा बैंकलाई रकम दिने र उक्त रकमबाट कृषि क्षेत्रमा काम गर्ने किसानलाई २ प्रतिशत वा ३ प्रतिशतसम्ममा ऋण प्रवाह गर्ने गरी कार्यक्रम ल्याउन लागेको हो। 'ब्याज अनुदान सहकारी तथा फर्महरुले पनि पाउनेछन्। तर, राष्ट्र बैंकको मातहतमा रहेको वित्तीय संस्थाबाट मात्रै ब्याज अनुदानको ऋण प्रवाह गर्ने कार्यविधि बनाइनेछ,' मन्त्रालयले भन्यो।

**घिउ र पाउडर दुध निर्यातमा अनुदान दिन माग**

यसैबीच डेरी उद्योगीहरुले घिउ र पाउडर दुध निर्यातमा अनुदान दिन सरकारसँग माग गरेका छन्। कोशी प्रदेशमा दुध उत्पादन बढेसँगै घिउ र दुध पाउडर अत्याधिक स्टक रहेको भन्दै निर्यातको वातावरण बनाउन उद्योगीले अनुदान माग गरेका हुन्। स्रोतले दिएको जानकारी अनुसार डेरी उद्योगी–व्यवसायीहरुले घिउमा प्रतिकिलो २ सय रुपैयाँ र पाउडर दुधमा पनि त्यतिकै मात्रामा निर्यातमा अनुदान दिन माग गरेका हुन्। तर, प्रदेश सरकारले भने त्यस विषयमा छलफल भइरहेको जनाएको छ।

केही समय अगाडि झापा, मोरङ र सुनसरीका डेरी उद्योगीहरुले भारत र बंगलादेशमा घिउ तथा पाउडर दुध निर्यातका लागि बजारको खोजी गरेका थिए।

तर, त्यहाँका व्यवसायीले घिउ ८ सय रुपैयाँ प्रतिकिलोमा खरिद गर्ने बताएको जनाइएको छ। 'प्रस्तावित मूल्यमा निर्यात गर्दा लागत खर्च पनि उठ्ने भएन, यातायात खर्च चाहिँ सरकारले व्यहोरेदेखि हामीले निर्यात गर्न सक्थ्यौं भनेर संघीय सरकारसमक्ष पहल गरेका हौं,' एक व्यवसायीले भने, 'सरकारका निकायहरुबाट भने हामी गर्छौं, भइहाल्छ, कुरा राखेका छौं भन्ने खालको मात्रै प्रतिक्रिया आएको छ।'

कोशी प्रदेश सरकारले बजेट अध्यादेशलाई प्रतिस्थापन गर्न केही दिनमै विधेयक ल्याउने तयारी गरेको छ। सोही समयमा डेरी उद्योगी व्यवसायीले अनुदानको माग गरेका हुन्। कोशी प्रदेशका डेरी व्यवसायीहरुले दिएको मौज्दात उत्पादनको विवरण अनुसार निर्यातमा केही अनुदान दिनेगरी बजेट छुट्याउने तयारी भएको गठबन्धनका एक नेताले बताए। डेरी उद्योगीहरुले भने निर्यातमा अनुदान दिएको खण्डमा २०० टन घिउ तत्कालै निर्यात हुने बताएका छन्। त्यति नै मात्रामा पाउडर दुध पनि निर्यात हुँदा मिल्क होलिडे हट्ने उनीहरुको दाबी छ।

अहिले डेरीहरुले किसानको दुधको पैसा दिन नसक्केको अवस्था छ भने स्टकमा सामान बढी भएर उधारोमा पनि दुध किन्न नसक्ने अवस्था आएको बताइरहेका छन्। 'खपत पनि कम भयो, उत्पादन पनि बढ्यो। उत्पादन बढ्नुमा पशुपालनमा तीनै तहका सरकारहरुले पशुपालनमा अनुदानका कार्यक्रम राख्नु प्रमुख कारण हो,' ती नेताले भने।

यस्तै पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालयले भने दुध बढेको हो या के भएको हो भन्ने विषयमा अध्ययन भइरहेको जनाएको छ। निर्देशनालयका प्रमुख पशुपति ढुंगानाले भारतबाट कुनै अर्को वस्तुको नाममा आयात भइरहेको छ कि के भइरहेको छ भन्ने विषय अझै प्रष्ट हुन नसकेको बताए। 'अहिले एकैपटक यत्रो दुध कसरी बढ्यो, पशुपालन पनि ह्वात्तै बढेको त होइन,' ढुंगानाले भने, 'तस्करी भएर भारतबाट आएको हो कि वैधानिक बाटोबाट आएको हो कि भनेर हेर्दा पनि त्यस्तो आयात भएको देखिएको छैन।' यद्यपि प्रदेशबाट यसअघि अन्य प्रदेशमा गइरहेको ६० हजार लिटर दुध अहिले भने प्रदेशमै थन्किएको उनको दाबी छ।

कोशी प्रदेशमा दुध उत्पादन बढेर बजारमा बिक्री नहुँदा डेरी उद्योग मात्र नभई दुध उत्पादक किसानहरु पनि 'मिल्क होलिडे'को मारमा छन्। अघिल्लो आर्थिक वर्षको तथ्यांक अनुसार कोशी प्रदेशमा दुध दिने गाईको संख्या ५ लाख १० हजार ३२ रहेको छ भने भैंसीको संख्या २ लाख ८७ हजार ९६८ रहेको छ। उक्त संख्याको गाई र भैंसीबाट प्रदेशमा दैनिक ५ लाख २५ हजार १५५ लिटर दुध उत्पादन हुने तथ्यांकमा उल्लेख छ। प्रतिव्यक्ति उपलब्धता वार्षिक ९२ लिटर रहेको छ भने आवश्यकता ७१ लिटर मात्रै हो। उक्त तथ्यांक अनुसार पनि कोशी प्रदेशमा दुध उत्पादन आवश्यकता भन्दा बढी हो। कोशी प्रदेशमा उत्पादन भएको दुध मध्ये १ लाख ५० हजार लिटर दुध औपचारिक क्षेत्रबाट बजारमा आउने गरेको थियो। तर, अहिले औपचारिक क्षेत्रमा दैनिक झण्डै २ लाख ५० हजार लिटर भन्दा बढी दुध संकलन भइरहेको डेरी उद्योगहरू बताउँछन्।

## अलमलमै...

एमालेका ३९ र काँग्रेसका विद्रोही ८ सांसदको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका कार्कीले गठबन्धन दल माओवादी र नेकपा (एकीकृत समाजवादी)लाई पनि सरकारमा सहभागी गराएको भन्दै एमालेका मन्त्री रानाले राजीनामा दिएका हुन्। मुख्यमन्त्री कार्कीले कार्तिक १७ गते माओवादीबाट उप्रेती र नेकपा (एस)बाट जबेगुलाई मन्त्री नियुक्त गरेका हुन्। यद्यपि अहिलेसम्म कुनै पनि मन्त्रीले जिम्मेवारी पाएका छैनन्।

कोशी प्रदेशसभाको पहिलो कार्यकालको तुलनामा दोस्रो कार्यकाल झनै अस्थिर देखिएको छ। पहिलो कार्यकालको ५ वर्षको अवधिमा कोशी प्रदेशमा तीन जना मुख्यमन्त्री बनेका थिए। तर, दोस्रो कार्यकालको १० महिनामै कोशी प्रदेशमा पाँचौं पटकमा काँग्रेस नेता केदार कार्की संविधानको अन्तिम विकल्प अनुसार मुख्यमन्त्री चयन भएका हुन्। यसअघि एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्की पहिलो र चौथो मुख्यमन्त्री बनेका थिए। काँग्रेस संसदीय दलका नेता उद्धव थापा भने दोस्रो र तेस्रो पटक मुख्यमन्त्री नियुक्त भएका थिए। पहिलो कार्यकालमा कार्की र दोस्रो तथा तेस्रो कार्यकालमा मुख्यमन्त्री बनेका थापाद्वयले नै आफूलाई चाहिने बहुमत पुऱ्याउन नसकेकै कारण पदबाट हट्नु परेको हो। यस्तै चौथोपटक मुख्यमन्त्री बनेका हिक्मतकुमार कार्कीले भने बहुमत नपाउने अवस्था देखेर राजीनामा दिएका थिए।

मन्त्रीको कारखाना

२०७९ मंसिर ४ मा सम्पन्न प्रदेशसभाको निर्वाचनमा कुनै पनि दलले प्रस्ट बहुमत पाउन नसक्दा पुस २४ मा एमाले नेता कार्की नेकपा माओवादी, जनता समाजवादी पार्टी, राप्रपा र जसपाको समर्थनमा संविधानको धारा १६८ को उपधारा २ अनुसार मुख्यमन्त्री बनेका थिए। तर, बिचैमा माओवादी र जसपाले साथ छाडेपछि प्रदेशसभामा लिएको विश्वासको मत पुऱ्याउन नसकेर कार्की असार १५ मा पदमुक्त बनेका थिए। कार्की पदमुक्त हुँदा आर्थिक मामिला तथा योजना मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयमा मन्त्री नियुक्त नै हुन सकेको थिएन।

असार २१ मा काँग्रेस नेता थापा मुख्यमन्त्री बने। सभामुख बाबुराम गौतमलाई पनि आफ्नो समर्थनमा हस्ताक्षर गर्न लगाएर मुख्यमन्त्री बनेका थापालाई साउन ११ मा सर्वोच्च अदालतले अवैधानिक घोषणा गर्दै पदमुक्त गरिदियो। लगत्तै सभामुख बाबुराम गौतमलाई राजीनामा दिन लगाएर साउन १६ मा थापा दोस्रोपटक मुख्यमन्त्री बने। भदौ ४ मा विश्वासको मत लिने दिन उपसभामुख सिर्जना दनुवारलगायतका एमाले–राप्रपाका ८ जना ज्येष्ठ सदस्य अनुपस्थित रहे। बैठकको अध्यक्षता गरेका इस्राइल मन्सुरीलाई पनि सत्ता गठबन्धनले मुख्यमन्त्रीको पक्षमा मत दिन लगायो। बैठकको अध्यक्षता गरेका मन्सुरीको मतले पनि थापालाई टिकाउन सकेन।

भदौ २१ गते सर्वोच्च अदालतले थापाको नियुक्ति फेरि बदर गरेर संविधानको धारा १६८ को उपधारा ३ अनुसार सबैभन्दा ठूलो दल एमालेको संसदीय दलका नेता हिक्मतकुमार कार्कीलाई मुख्यमन्त्री नियुक्त गर्न परमादेश दियो। त्यही परमादेशपछि एमाले नेता कार्की पुनः मुख्यमन्त्री बने। तर, कार्कीले पनि विश्वासको मत पाउने सम्भावना कमजोर भएपछि असोज २० गते संसदमा सम्बोधन गर्दै राजीनामा दिए। त्यसपछि असोज २७ गते काँग्रेस नेता केदार कार्की एमालेका ३९ र काँग्रेसका ८ सांसदको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका हुन्।

यसबीचमा पुस २५ गते एमालेबाट तिलकुमार मेन्याङ्बो, राप्रपाबाट भक्ति सिटौला र जसपाकी निर्मला लिम्बूलाई मन्त्री नियुक्त भए। दोस्रो पटक मुख्यमन्त्री कार्कीले पुस २९ गते माओवादी केन्द्रबाट दुर्गाप्रसाद चापागाईं, जीवन आचार्य र एमालेबाट बुद्धिकुमार राजभण्डारीलाई मन्त्री नियुक्त गरे।

यस्तै थापा नेतृत्वको सरकारमा २०८० असार २२ गते २ जना मन्त्रीहरु नेकपा एकीकृत समाजवादीबाट कमलप्रसाद जबेगू र कांग्रेसबाट प्रदिपकुमार सुनुवार नियुक्त भए। त्यसको २ दिनपछि असार २४ गते पुनः माओवादीबाट जीवन आचार्य, राजेन्द्र कार्की र कांग्रेसबाट रामकुमार खत्री मन्त्री नियुक्त भए। जसमध्ये आचार्यले मात्रै विभागीय जिम्मेवारी पाएका थिए। पुनः मुख्यमन्त्री थापा २०८० साउन ११ गतेको सर्वोच्च अदालतको आदेशबाट पदमुक्त भए। उनै थापा साउन १६ गते पुनः मुख्यमन्त्रीमा नियुक्त भए। थापाले साउन १७ गते मन्त्रीहरु माओवादीबाट बाबुराम गौतम, कांग्रेसबाट प्रदिपकुमार सुनुवार र नेकपा एकीकृत समाजवादीबाट कमलप्रसाद जबेगुलाई पुनः मन्त्री नियुक्त गरे। मुख्यमन्त्री थापाले साउन २६ गते पुनः जनता समाजवादी पार्टी (जसपा)की सांसद निर्मला लिम्बूलाई मन्त्री नियुक्त गराउँदै मन्त्रीमण्डल पुनर्गठन गरे। फेरि प्रदेशसभाका ज्येष्ठ सदस्यसमेत रहेका गयानन्द मण्डललाई मुख्यमन्त्री थापाले साउन ३१ गते राज्यमन्त्रीमा नियुक्त गरे।

सर्वोच्चले भदौ २१ गते मुख्यमन्त्री थापालाई पदमुक्त गर्दै संविधानको धारा १६८ (३) अनुसार एमाले दलका नेता कार्कीलाई पुनः मुख्यमन्त्री नियुक्त गर्न परमादेश दियो। उक्त परमादेश अनुसार कार्कीलाई भदौ २२ गते नै मुख्यमन्त्री नियुक्ति गरियो। कार्कीले सोही दिन शपथग्रहण गर्दै ५ सदस्यीय मन्त्रीमण्डल गठन गरे। जसमा एमालेका तिलकुमार मेन्याङ्बो, पाँचकर्ण राई, एकराज कार्की र सिर्जना राई छन्। फेरि कार्कीले असोज ८ गते बुद्धिकुमार राजभण्डारी, एकराज कार्की, लिलाबल्लभ अधिकारी र निरन राईलाई मन्त्री नियुक्त गरे। असोज २० मा राजीनामा दिएपछि भने असोज २७ गते पाँचौं मुख्यमन्त्रीमा नियुक्त भएका केदार कार्कीले सोही दिन एमालेका रामबहादुर राना मगर र शम्शेर राईलाई मन्त्री नियुक्त गरे। एमालेका मगरले भने कार्तिक १८ गते राजीनामा दिए। कार्कीले फेरि गठबन्धन दल माओवादी र नेकपा (एकीकृत समाजवादी)लाई पनि सरकारमा सहभागी गराउँदै कार्तिक १७ गते गणेश उप्रेती र कमलप्रसाद जबेगुलाई मन्त्री नियुक्त गरेका छन्। यद्यपि अहिलेसम्म कुनै पनि मन्त्रीले जिम्मेवारी पाएका छैनन्।

यसरी कोशी प्रदेशसभाको दोस्रो कार्यकालको १० महिनामा ५ पटक मुख्यमन्त्री परिवर्तन र १२ पटक मन्त्रीमण्डल पुनर्गठन भएको छ। जसमा नयाँ १६ जना मन्त्री भएका छन् भने केही मन्त्रीहरु दोहोरिएका छन्। केही मन्त्रीहरुले महिना दिन पनि कार्यकाल कटाउन पाएका छैनन् भने अधिकतम लामो कार्यकाल मन्त्रीहुनेहरुमा पहिलो पटक मुख्यमन्त्री बनेका हिक्मतकुमार कार्कीको मन्त्रीमण्डलमा सहभागीहरु मात्रै छन्। तर, कुनै पनि सरकारको मन्त्रीमण्डलले पूर्णता पाउन भने सकेन। कोशी प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसहित ९ वटा मन्त्रालय रहेका छन्।

१ वर्षको समयावधिमा प्रदेशसभाले पनि तीनवटा कानून निर्माण गरेको छ भने प्रदेशको नामकरण कोशी राखेको छ। त्यसबाहेक प्रदेशसभाले पनि उपलब्धिमूलक काम गर्न सकेको छैन।

## जबानीमा...

उनीहरुले अपराध गरेको १६ वर्षपछि मंगलबार पक्राउ गरेको मोरङ प्रहरीका प्रवक्ता डिएसपी रन्जनकुमार दाहालले जानकारी दिए। प्रहरीले उनीहरुलाई पक्राउ गरेपछि मोरङ अदालत बुझाएर कैद भुक्तानको लागि मोरङ कारागार पठाएको छ। यसअघि पनि प्रहरीले खुन डाँका मुद्दामा सर्वस्वसहित जन्मकैदको सजाय तोकिएको अभियुक्तलाई मोरङ प्रहरीले ३६ वर्षपछि पक्राउ गरेको थियो। प्रहरीले कटहरी गाउँपालिका ७ का ८७ वर्षे विश्वास चौधरी थारु ३६ वर्षपछि खुनडाँका मुद्दामा पक्राउ परेका थिए। ०४२ सालमा थारु विरूद्ध जिल्ला अदालत मोरङमा खुनडाँका मुद्दा परेको थियो। त्यतिबेला उनी ५१ वर्षका थिए। २०६१ जेठ १८ गते जिल्ला अदालतले चौधरीलाई सर्वस्वसहित जन्मकैदको सजाय तोक्यो। जिल्ला अदालतको फैसलाविरुद्ध पुनरावेदन हुँदै मुद्दा सर्वोच्चसम्म पुग्यो। २०६४ साउन १० गते सर्वोच्चले जिल्लाकै फैसलालाई सदर गऱ्यो। अर्थात् चौधरीले सर्वस्वसहित जन्मकैदको सजाय बेहोर्नु पर्नेभयो।

सर्वोच्चको अन्तिम फैसलापछि पनि चौधरी १८ वर्ष घरमै बसे। त्यतिबेला प्रहरीले उनलाई फरार सूचीमा राख्यो। ३६ वर्षअघिको मुद्दामा बल्ल भदौ ९ गते उनी पक्राउ परे। ८७ वर्षको गलेको शरीर लिएर चौधरी अहिले जेलमा पुगेका छन्। यस्तै विराटनगर महानगरपालिका ३ का ८५ वर्षे धर्मध्वज थापाको घरमा २०४२ साल भदौ १८ गते राति डकैती गर्न एउटा समूह पसेको थियो। धर्मध्वजकी श्रीमती जीवनदेवीको हत्या गर्दै धनमाल लुटेर डाँका समूह फर्कियो। धर्मध्वजले चौधरीसहित १४ जनाविरुद्ध किटानी जाहेरी दिएका थिए। प्रहरीले घटनामा संलग्न १४ जनाविरुद्ध खुनडाँका मुद्दा चलायो। अदालतले सबैलाई दोषी ठहर गर्दै घटना भएको १९ वर्षपछि (२०६१ सालमा) कैद सजाय र जरिवानाको फैसला सुनायो। अदालतको फैसलापछि प्रहरीले उक्त घटनामा संलग्न ६ जना पक्राउ गरेको थियो।

यी घटनाहरुले ढिलो चाँडो गलत काम गर्नेहरू कानुनी दायरामा आउँछन् भन्ने देखाएको छ। मोरङ प्रहरीले चालु आर्थिक वर्षको चार महिनामा १६३ जना फरार प्रतिवादी पक्राउ गरेको डिएपी दाहालले बताए। पक्राउ परेका मध्ये फौजदारी कसुरका प्रतिवादीहरु बढी छन्।

प्रहरीले साउनदेखि कात्तिकसम्म फौजदारी कसुरका १४१ र देवानीका २२ जना फरार प्रतिवादी पक्राउ गगरेको जनाएको छ। १६३ जना फरार अभियुक्त पक्राउ गर्दा प्रहरीले ४३ वर्ष, ११ महिना र ६० दिन कैद सजाय असुल गराउन सफल भएको छ। उनीहरुबाट ३५ लाख ३८ हजार ६०२ रुपैयाँ जरिवाना असुल गरेको मोरङ प्रहरीले जानकारी दियो।

त्यसैले पुराना, अधुरा गम्भीर प्रकृतिका अपराधको अनुसन्धान गरी घटनामा संलग्न प्रतिवादीहरु पक्राउ गर्न फरार प्रतिवादी पक्राउ अभियान नै सुरू गरिएको मोरङ प्रहरीका प्रमुख एसपी दीपक पोखरेलले जानकारी दिए। 'अदालतको फैसला कार्यान्वायनलाई प्राथमिकतामा राखी फरारी पक्राउ अभियान सुरु गरिएको हो,' उनले भने, 'अभियान सुरु भएपछि चालु आर्थिक वर्षको कार्तिक ६ गतेसम्म १६३ जना फरार प्रतिवादी पक्राउ परेका छन्।' अभियानका माध्यमवाट अपराध गरेर जतिदिन लुकिछिपि बसेपनि तोकिएको कैद वा जरिवाना भुक्तान नगरी छुट हुँदैन भन्ने सन्देश दिन सफल भएको उनले बताए। 'अपराध गरेपछी सजाय अनिवार्य छ र कुनै पनि बहानामा बच्न सकिदैन भनेर समाजमा सन्देश दिन र यसैका माध्यमबाट समाजमा अपराधको न्युनीकरण गर्न सचेतना फैलाउन सफल हुने आशा गरिएको छ,' एसपी पोखरेलले भने। जिल्लाको समग्र शान्तिसुरक्षा कायम राखेर अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धानमा प्रहरी परिचालन हुँदै कानुनप्रतिको आडभरोसा कायम राख्न र पीडितलाई न्यायको अनुभूति दिन प्रहरी सक्रिय रहेको एसपी पोखरेलले बताए। 'पीडक पक्षलाई कानुनबाट भाग्न वा बच्न सकिँदैन भन्ने डर पैदा गर्न संचालित फरार अभियुक्त पक्राउ अभियानलाई मोरङ प्रहरीले प्राथमिकतामा राखेर काम गर्दै आइरहेको छ,' एसपी पोखरेलले भने।

# राजसति सहकारीको आम्दानी २ करोड १२ लाख

◆ हाम्रोमत संवाददाता

*विराटनगर, ६ मंसिर*

मोरङको बुढीगंगा गाउँपालिका-१ टंकीसिनवारीस्थित राजसति महिला बहुउद्देश्य सहकारी संस्थाको बचत (निक्षेप) ११ करोड ६२ लाख ३३ हजार ४८ रुपैयाँ पुगेको छ।

आर्थिक वर्ष २०७९/०८० को असार मसान्तसम्म सो बराबरको निक्षेप पुगेको बुधबार भएको २३ औं वार्षिक साधरणसभामा जानकारी गराएको हो।

सहकारीकी अध्यक्ष तारादेवी राईले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन अनुसार ९ प्रकारको बचत गर्ने सेयर सदस्य रहेको जानकारी दिइन्। २०५७ सालमा ४४ जना महिलाले चलाएको सहकारी अहिले २ हजार २०० सेयर सदस्य आवद्ध छन्। सहकारीको सेयर पुँजी १ करोड ५४ लाख ६४ हजार ७००, कोष हिसाब १ करोड ९२ लाख ४ हजार ९७, कर्जा लगानी १३ करोड ३७ लाख



४९ हजार ९९० रुपैयाँ रहेको अध्यक्ष राईले जानकारी दिइन्।

सहकारीको ऋण असुली ५ करोड १० लाख ६२ हजार १०१ रुपैयाँ रहेको सहकारीको वार्षिक प्रतिवेदनमा उल्लेख छ। सहकारीले गत आर्थिक वर्षमा २ करोड १२ लाख ९६ हजार ३१२ रुपैयाँ आम्दानी गरेको छ भने १ करोड ६७ लाख ५६ हजार २ सय ६६ रुपैयाँ खर्च गरेको प्रतिवेदनमा उल्लेख छ।

सहकारीले ८ जना सदस्यहरु निस्कृय रहेको जनाएको छ। कर्जा लिएर लगातार ३ महिनासम्म कर्जाको किस्ता र ब्याज नतिर्ने ऋणी सदस्यलाई निस्कृय सदस्यको सूचीमा राखेको सहकारीले जनाएको छ।

कार्यक्रममा सहकारी अध्यक्ष राईले महिलाहरुको आर्थिक, सामाजिक , सांस्कृति र राजनैतिक उत्थानका लागि सहकारीको भूमिका महत्वपूर्ण रहेको बताइन्। महिलालाई आत्मनिर्भर र सक्षम बनाउन सहकारीको ठूलो सहयोग गरेको उनले बताइन्। आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणमा लागि ठूलो संघर्ष गर्दै यहाँसम्म आइपुगेको उनको भनाइ छ।

सोही अवसरमा सहकारीले सेयर सदस्यहरुलाई पनि सम्मान गरेको छ। ७५ वर्ष पुरा भएका २१ जना पुरुष ज्येष्ठ सदस्यहरु र ६५ वर्ष पुरा भएका १९ जना ज्येष्ठ महिला सदस्यहरुलाई सम्मान गरेको छ। यसैगरी ७ जना एकल महिला, २६ जना जेहेन्दार विद्यार्थीहरुलाई सम्मान गरिएको थियो। ज्येष्ठ नागरिक र विद्यार्थीहरुलाई कोशी प्रदेशका प्रदेश प्रमुख पर्शुराम खापुङ्गले सम्मान गरेका थिए। कार्यक्रममा प्रदेश प्रमुख खापुङ्गले छरिएर रहेको पुँजीलाई एकीकृत गर्न सहकारीको भूमिका महत्वपूर्ण रहेको बताए।

कार्यक्रममा राष्ट्रिय सहकारी संघका अध्यक्ष रमेश पोखरेल, सहकारी संघ कोशी प्रदेशका अध्यक्ष डिल्ली पोखरेललगायतले बोलेका थिए।

ग्रामथान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तेतरिया, मोरङ
कोशी प्रदेश, नेपाल

सूचना। सूचना ।। सूचना ।।

प्रथम पटक प्रकाशित मिति: २०८०।०८।०७

यस कार्यालय तथा अन्तर्गतका वडा कार्यालयहरुसंग सम्बन्धित विभिन्न मुद्धा मामिला लगायत कार्यालयको आवश्यक्ता बमोजिम कानुनी राय परामर्श तथा बहस एवंम पैरवी सम्बन्धि तपशिल बमोजिमका विषयमा सेवा शुल्कको दर रेट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवश्यक कागजात सहित कार्यालयमा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

तपशिल

१. मुद्धा मामिलाको मुल लिखत, रिट निवेदन लिखत, मुद्धाको जवाफ लिखत, बहस नोट फिराद आदि।
२. बहस गर्दा प्रति मुद्धा प्रति पेशी।
३. पेशीको दिन बहस नभएमा प्रति मुद्धा प्रति पेशी।
४. कार्यालयमा आई कानुनी राय परामर्श दिदाँ प्रति पटक।
५. लिखित कानुनी राय दिदा।
६. तारेक लिने वारेसको पारिश्रमिक प्रतिपटक।
७. अन्य लिखत मस्यौदा तयार गर्दा।

प्रमुख प्रशासकीय अधिकृत

ओजस्वी स्टाम्प & Design Home
9814342851, 9810458073 (OPT.)
Email : buddhis12@gmail.com, Whatsup NO. : 9814342851
• डिजिटल छाप • नाइलन छाप
छाप बनाउने ठाउँ
कर कार्यालय गेटको ठ्याक्कै पूर्वपट्टि (हाम्रोमत जाने बाटो)

सहर सफा र स्वच्छ राखौं।
विराटनगर महानगरपालिका

अम्बे ईट्टा
अम्बे ईट्टाद्वारा उत्पादित उच्च गुणस्तरीय अम्बे ईट्टा संधै प्रयोग गर्नुहोस्।
उत्पादक: अम्बे ईट्टा (प्रा.)लि.
मोरङ, नेपाल।
मार्केटिङ:
मो. : ९८५२०२४०५४

मुख तथा दाँतको कुनैपनि समस्याको गुणस्तरीय उपचारको लागि अवस्य सम्झिनै पर्ने ठाउँ
डा शेखर कुमार मण्डल
Dental Surgeon
"तपाईंको नयाँ मुस्कानको सुरुवातको लागि"
रोडशेष डेण्टल जोन
रोडशेष चोक, विराटनगर-१२
सम्पर्क: 9820-700-005

भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि.को २१ दिने सूचना

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने ब्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ।

सम्बन्धित कार्यालयको नाम : शाखा कार्यालय, बिराटनगर

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | बाजे/ससुरा नाम | पिता/पतिको नाम | उद्देश्य | बाकी साँवा रकम | मिति २०८०।०८।०५ सम्मको बाकी ब्याज | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जूरीनामा दिने/जमानत बस्नेको |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कैलाश विक्रम साह | विराटनगर १६ | खतमलाल | तारा चन्द साह सूडी | ओ.डी कर्जा | १०००००० | ५१३६६ | १०५१३६६ | दूर्गा कूमारी साह |
| २ | अधिकारी टाभल्स प्रो. शंकर प्रसाद चौधरी | विराटनगर १२ | भादू चौधरी | दरवारी चौधरी | सेवा ब्यबसाय | ९५०००० | ९२५५० | १०४२५५० | फूल कूमारी चौधरी |
| ३ | कुन्दन यादब | विराटनगर १४ | मधूलाल यादब | नारायण यादब | ओ.डी कर्जा | ७००००० | ७५२११ | ७७५२११ | गितादेवी यादब |
| ४ | चन्द्रमणि स्टोर प्रो.अनिता कूमारी महत्तो | विराटनगर १२ | धूरन महत्तो | राम नारायण महतो | बिभिन्न | २१०६३७७ | १०३६२२ | २२०९९९९ | राम नारायण महतो |
| ५ | श्री अनूग्रह कन्स्टक्सन (प्रो.जित नारायण चौधरी) | विराटनगर ६ | सोमै | गौचरण | बिभिन्न | ५७९७४७३ | ३५५००० | ६१५२४७३ | राधा चौधरी |
| ६ | राजेश कूमार यादब | विराटनगर १८ | मोतिलाल | सूकललाल यादब | सरल कृषि | १२००००० | १५८६०० | १३५८६०० | निता खत्री |
| ७ | पिंकी झा | विराटनगर १० | जोखन झा | राकेश कूमार झा | ओ.डी कर्जा | २५००००० | ११६७०० | २६१६७०० | राकेश कूमार झा |
| ८ | सन अटो सेण्टर प्रो. नयन कूमार श्रेष्ठ | विराटनगर ५ | भिमसेन श्रेष्ठ | सह बहादूर श्रेष्ठ | बिभिन्न | ११५००००० | ७८७८६३ | १२२८७८६३ | श्रृजना श्रेष्ठ |
| ९ | तबदार बिराट कर्मेसियल एग्रिकल्चर एण्ड ईन्भाईरोमेण्ट कं प्रा.लि सञ्चालक: चूम नारायण तबदार | विराटनगर ५ | लाली तबदार | अच्छेलाल तबदार | बिभिन्न | १५७००००० | ४१३६७०३ | १९८३६७०३ | गितादेबी तबदार |

कृषि विकास बैंक लि.
कोशी प्रदेश कार्यालय, विराटनगर

# दधिराज सुवेदी पुरस्कार श्रेष्ठ र झालाई दिइने

◆ **हाम्रोमत संवाददाता**

*विराटनगर, ६ मंसिर*

दधिराज सुवेदी पुरस्कार प्रतिष्ठान विराटनगरले हरेक वर्ष प्रदान गर्दै आएको पुरस्कार यस वर्ष साहित्यकार भागिरथी श्रेष्ठ र पत्रकार धर्मेन्द्र झालाई प्रदान गर्ने भएको छ।

प्रतिष्ठानले 'दधिराज सुवेदी राष्ट्रिय भाषा साहित्य पुरस्कार २०८०' वरिष्ठ कथाकार तथा आख्यानकार भागिरथी श्रेष्ठलाई र दधिराज सुवेदी राष्ट्रिय पत्रकारिता पुरस्कार २०८० वरिष्ठ पत्रकार धर्मेन्द्र झालाई प्रदान गर्ने निर्णय गरेको हो।

प्रतिष्ठानले प्रत्येक वर्ष प्रदान गर्ने दुवै पुरस्कारको राशि क्रमश एकाउन्न हजार र २५ हजार रुपैयाँ रहेको छ।


नेपाली साहित्यको आख्यान विधामा पाँच दशकभन्दा बढी समयदेखि दिएको योगदानका लागि साहित्यकार श्रेष्ठलाई र पत्रकारिताको क्षेत्रमा चारदशकभन्दा बढी समयदेखि दिएको योगदानका लागि वरिष्ठ पत्रकार झालाई उक्त पुरस्कार प्रदान गर्ने निर्णय भएको प्रतिष्ठानका अध्यक्ष विवश पोखरेलले जानकारी दिए। पोखरेलको अध्यक्षतामा बसेको बैठकले पुरस्कार सम्बन्धी अन्तिम निर्णय गरेको थियो।

यसअघि भाषा साहित्य पुरस्कारबाट साहित्यकारहरू प्रा. डा. गोविन्दराज भट्टराई, प्रा. डा. अभि सुवेदी, प्रा. डा. माधवप्रसाद पोखरेल, डा. विष्णुविभु घिमिरे, एस्पी कोइराला, प्रा. डा. चूडामणि बन्धू र सनत रेग्मीलाई र पत्रकारिता पुरस्कार पत्रकारहरू हरिबहादुर थापा, शिवबहादुर कार्की, हरिहर विरही, मोहन भण्डारी, किशोर नेपाल, भूषण दाहाल र अनन्तराज न्यौपाने पुरस्कृत भइसकेका छन्।

समालोचक प्राज्ञ दधिराज सुवेदीका छोराद्वय शरदराज सुवेदी र रुपकराज सुवेदीले राखेको १५ लाख रुपैयाँको अक्षय कोषको ब्याजबाट प्रत्येक वर्ष यो पुरस्कार २०७३ सालदेखि नियमित प्रदान हुँदै आएको छ।

यस वर्षका पुरस्कारहरू आगामी २०८० मंसिर ३० गते विशेष समारोहको आयोजना गरी विराटनगरमा समर्पण गरिने प्रतिष्ठानका महासचिव दिङ्लाली कान्छोले जानकारी दिए।

# हात्तीको आक्रमणबाट भुटानी शरणार्थीको मृत्यु



◆ **हाम्रोमत संवाददाता**

*झापा, ६ मंसिर*

जङ्गली हात्तीको आक्रमणबाट झापाको दमक बेलडाँगीस्थित भुटानी शरणार्थी शिविरमा बस्दै आएका ७२ वर्षीय पदमलाल तामाङको मृत्यु भएको छ। डिभिजन वन कार्यालय झापाका प्रमुख मेघराज राईका अनुसार मंगलबार साँझ शिविर बाहिरको हम्सेदुम्से सामुदायिक वनको जङ्गलमा तामाङलाई हात्तीले आक्रमण गरेको थियो।

शिविरको सेक्टर नं. २ को हट नं. २५२ मा तामाङको बसोबास थियो। उनी दिउँसो दाउरा खोज्न जङ्गल गएका थिए। साँझसम्म घर नफर्किएपछि खोजी गर्ने क्रममा उनलाई जङ्गलमै मृत भेटाएको डिभिजन वन कार्यालयका प्रमुख राईले बताए।

उता झापाकै मेचीनगर नगरपालिका-११ स्थित विशाल दाहालको एकतले पक्की घर जङ्गली हात्तीले भत्काएको छ। स्थानीय बाँसबारी सामुदायिक वनबाट गाउँ छिरेको एउटा हात्तीले पर्खाल भत्काएर घरभित्र पसी ४०० किलो धान र २०० किलो चामल खाएको पीडित दाहालले जानकारी दिए।

# राष्ट्रियसभा सदस्य निर्वाचनका मतदाताको मतभार बढ्यो

◆ **हाम्रोमत संवाददाता**

*विराटनगर, ६ मंसिर*

निर्वाचन आयोगले राष्ट्रियसभा सदस्य निर्वाचनका मतदाताको मतभार बढाएको छ। राष्ट्रियसभा सदस्यका लागि प्रदेशसभा सदस्य र स्थानीय तहका प्रमुख र उपप्रमुख तथा अध्यक्ष र उपाध्यक्षले मतदान गर्न पाउँछन्।

नयाँ मतभार अनुसार प्रदेशसभा सदस्यका लागि ५३ र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखको लागि १९ मतभार कायम गरिएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए।


यसअघि प्रदेशसभा सदस्यको ४८ र स्थानीय तहका प्रमुख र उपप्रमुख तथा अध्यक्ष र उपाध्यक्षको मतभार १८ कायम गरिएको थियो।

राष्ट्रिय जनगणना अनुसारको कूल जनसंख्यालाई आधार मानी कायम गर्नुपर्ने भएकाले राष्ट्रिय तथ्याङ्क कार्यालयको सिफारिस समेतका आधारमा मतभार कायम गरिएको आयोगले जनाएको छ।

राष्ट्रिय सभाका एक तिहाइ सदस्यहरूको पदावधि २०८० फागुन २० गते समाप्त हुँदैछ। राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ बमोजिम पद रिक्त हुनुभन्दा ३५ दिन पहिले निर्वाचन गरि सक्नुपर्ने कानुनी व्यवस्था छ। राष्ट्रियसभा निर्वाचनको मिति आगामी माघ ११ भित्र गर्नेगरी आयोगले सरकारलाई सुझाव दिएको छ। आयोगले माघको दोस्रो साता निर्वाचन गर्ने तयारी गरेको छ।

## सर्ट कमेन्ट

# 'विराट' को साख जोगाउने कि मेयरज्यू !



■ **पुण्य पि अधिकारी**

कोशी प्रदेशको एक मात्र विराटनगर महानगरपालिकाको चर्चा अनेक हिसाबले हुन्छ। महानगरपालिकाको मात्र हैन, मेयर नागेश कोइरालाको चर्चा पनि बेलाबेला उत्तिकै हुने गरेको छ। पछिल्लो समय मेयर कोइरालाको चर्चा भन्दा पनि मेयर कोइरालाको खोजी महानगरवासीले थालेका छन्। विराटनगर महानगरपालिकाभित्र मेयर कोइराला छन् कि छैनन् भन्ने चर्चा हुन थालेको छ। अध्ययन, अवलोकन र ज्ञानका लागि नेपाल भन्दा बाहिर अलि लामो समय मेयर अल्मलिएपछि महानगरवासीमा त्यस किसिमको कौतुहलता हुनु स्वभाविक नै हो। केही समय अघिमात्र आफूलाई सुशासनको अभियान्ता भन्न रूचाउनेका कारण मेयर कोइरालाको चर्चा उग्र थियो।

'विराट' आफैँमा निक्कै गहिरो र शाब्दिक अर्थ लाग्ने शब्द हो। विराटनगर महानगरपालिकाका मेयरसँग पनि त्यस्तै 'विराट' भिजन, मिशन र गोल हुनुपर्छ भन्ने नगरवासीको मान्यता हो। तर पछिल्लो समय मेयरको क्रियाशिलता र सक्रियता आम नगरवासीलाई नुन विनाको तरकारी जस्तो लाग्न थालेको छ।

वि.स.२०६६ सालदेखि बालमैत्री नगर घोषणाका लागि योजना तय गरी वि.स.२०७३ वैशाख ३१ गते नेपालकै पहिलो बालमैत्री नगरका रूपमा घोषणा विराटनगरमा ३३ जना बालबालिकामा केही समयअघि मात्र कुपोषणको समस्या पाइएको छ। तत्कालीन समयमा वैजनाथपुर गाविस रहेको र हाल विराटनगर महानगरपालिका-१९ रहेको क्षेत्रका बालबालिकामा अहिलेको समयमा कुपोषणको समस्या पाइनु निक्कै चिन्ताको विषय हो। संविधानले स्वास्थ्यलाई मौलिक हकका रुपमा व्याख्या एवम् व्यवस्था गरेपछि नगरवासीको उचित स्वास्थ्य अधिकारको सम्बोधनका लागि मेयरको क्रियाशीलता निक्कै आवश्यक हुन्छ।

पछिल्ला दिनमा मेयर कोइरालाले मिशन, भिजन र गोलविना सस्तोलोकप्रियताका लागि गरेका केही निर्णयहरूले नगरवासीलाई निराश तुल्याइरहेका बेला अब पनि मेयर कोइराला विकासका काममा नतात्ने हो भने नगरवासीले जनमतको सम्मान वा अनादर भन्ने खुट्याउन बेला पक्कै आउने छ।

मेयर कोइरालाले आवश्यक तयारी बिना नगर बस सञ्चालन, लहडका भरमा जोगवनी नाकामा कडाइ, सार्वजनिक स्थानमा सूर्तिजन्य पदार्थ वेचविखन तथा सेवनमा रोक, बजार क्षेत्रमा पार्किङ्ग निषेधजस्ता योजना ल्याएर खुब चर्चा कमाएका थिए। नगर बस सञ्चालनको विषयलाई धेरै सञ्चारमाध्यमले उच्च प्राथमिकताका साथ प्रकाशन तथा प्रसारण गरे। जुन हिसाबले मेयर कोइरालाले नगर बसको हल्ला फैलाएका थिए, कार्यान्वयनमा भने शून्य नै रह्यो।

प्रदेश राजधानी भएका कारण विराटनगरमा सार्वजनिक यातायात, स्वच्छ खानेपानी, उचित र उपयुक्त सार्वजनिक शौचालयलगायत शहर हुनका लागि चाहिने न्यूनतम आधार भौतिक संरचनाको विकास हुन सकेको छैन। भीडभाडयुक्त ठाउँमा फ्लाइओभरहरुको निर्माण हुन सकेको छैन।

> **'विराट' आफैँमा निक्कै गहिरो र शाब्दिक अर्थ लाग्ने शब्द हो। विराटनगर महानगरपालिकाका मेयरसँग पनि त्यस्तै 'विराट' भिजन, मिशन र गोल हुनुपर्छ भन्ने नगरवासीको मान्यता हो। तर पछिल्लो समय मेयरको क्रियाशिलता र सक्रियता आम नगरवासीलाई नुन विनाको तरकारी जस्तो लाग्न थालेको छ।**

केही समय अघिमात्र विराटनगर महानगरपालिका एसिया प्रशान्त क्षेत्रका सहरी विकाससम्बन्धी संस्थाहरुको सञ्जाल, सिटिनेट राष्ट्रिय कार्यसमितिको अध्यक्षमा चार वर्षका लागि छनौट भएको छ। यो अवसरमा महानगरपालिकाले विराटनगरलाई व्यवस्थित शहरका रुपमा अघि बढाउन सक्नेछ। तर त्यसका लागि मेयर कोइरालाको सक्रियताको खाँचो निक्कै छ। अन्यथा विकासलाई प्राथमिकतामा नराख्ने तर लोकप्रियताका लागि आवश्यक तयारी विना अनेक निर्णय गर्ने हतारोले मेयर कोइरालालाई 'विराट' साख जोगाउन निक्कै मुस्किल पर्नेछ।

## ट्राफिक नियम उल्लंघन

# मापसे गरेका एम्बुलेन्स चालकबाट विराटनगरमा आतंक



◆ **हाम्रोमत संवाददाता**

*विराटनगर, ६ मंसिर*

विराटनगरको हस्पिटल चोकमा मादक पदार्थ सेवन (मापसे) गरी एक जना एम्बुलेन्स चालकले आतंक मच्चाएका छन्।

मोरङको रतुवामाइ नगरपालिका - ५ का वर्ष २९ का सुफल मुर्मुले मापासे सेवन गरेर मंगलबार राति चलाउँदा विराटनगरमा त्रासको वातावरण बनेको थियो।

लायन्स क्लब अफ विराटनगर लेखिएको को १ च ४१५८ नम्बरको एम्बुलेन्स चालक मुर्मुले मापासे गरेर चलाएको एम्बुलेन्सले चार वटा सवारी साधनलाई ठक्कर दिएको थियो।

कोशी अस्पताल अगाडि मुर्मुले चलाएको एम्बुलेन्स तीव्र गतिमा दौडाउँदा पार्किङमा राखिएको दुई वटा स्कुटर, दुई वटा मोटरसाइकल र एउटा साइकललाई ठक्कर दिएको थियो।

एम्बुलेन्सको ठक्करबाट स्कुटर र मोटरसाइकलमा ठूलो क्षति भएको छ। विराटनगरका औषधि व्यवसायी विजय राजवंशी र लक्ष्मण माझीको स्कुटर र मोटरसाइकलमा क्षति पुगेको हो। पार्किङमा राखिएको सवारी साधनलाई ठक्कर दिएपछि मुर्मुले चलाएको एम्बुलेन्स विराटनगर ९ श्याम घिमिरेको घरको सटरमा ठोकिएर पल्टिएको थियो।

ट्राफिक नियम उल्लंघन गरी सवारी चलाउँदा दुर्घटनामा परेको एम्बुलेन्सबाट मानवीय क्षति भने नभएको जिल्ला ट्राफिक प्रहरी कार्यालय मोरङका प्रमुख प्रहरी निरीक्षक सुमन न्यौपानेले जानकारी दिए। 'मापासे गरेर चलाएको एम्बुलेन्स दुर्घटनामा परेको छ। हामीले राति नै एम्बुलेन्स चालकलाई नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय मोरङमा बुझाएको छौं,' उनले भने, 'थप कारबाहीको प्रक्रिया मोरङ प्रहरीले गर्नेछ।'

# नवनियुक्त डिन डा. श्रेष्ठद्वारा पदभार ग्रहण



*विराटनगर, ६ मंसिर (हाम्रोमत)*- पूर्वाञ्चल विश्वविद्यालय व्यवस्थापन संकायको डिनमा नियुक्त भएका डा. सन्देशदास श्रेष्ठले बुधबार पदभार ग्रहण गरेका छन्। व्यवस्थापन संकायको डिनको पदभार ग्रहणगर्दै उनले पूर्वाञ्चल विश्वविद्यालयको साखलाई बढाउने प्रतिबद्धता व्यक्त गरे। विश्वविद्यालयको गरिमालाई उच्च बनाउने तथा विश्वविद्यालयको उन्नयनका लागि समयसापेक्ष पाठ्यक्रमको विकास गर्न योगदान गर्ने बताए।

गत शुक्रबार डिनमा नियुक्त भएका सह-प्राध्यापक डा. श्रेष्ठलाई उपकुलपति प्रा.डा. यादवराज कोइरालाले बुधबार पद तथा गोपनियताको सपथ गराएका हुन्। नवनियुक्त डा. श्रेष्ठ पूर्वाञ्चल विश्वविद्यालय व्यवस्थापन संकायको ७ औं डिन हुन्। उनको कार्यकाल ४ वर्षको रहनेछ।

वि.सं. २०६१ सालदेखि पूर्वाञ्चल विश्वविद्यालयमा प्राध्यापन गराउँदै आएका भएका डा. श्रेष्ठले मार्केटिङ स्ट्रेटेजी प्लानिङमा विद्यावारिधी गरेका छन्।
















पूर्वेली जनसञ्चार सहकारी संस्था लि.द्वारा प्रकाशित । अध्यक्ष: विनोद घिमिरे, प्रधान सम्पादक: विवेक गौतम, कार्यकारी सम्पादक : गोकुल पराजुली, सम्पादक: अर्जुनकुमार आचार्य, व्यवस्थापक : प्रेम पुरी
हाम्रोमत दैनिकको कार्यालय: विराटनगर-९, ट्राफिक चोक, मोरङ, फोन नं. ०२१-५१२७९०, email: hamromat@gmail .com, janabidrohadaily@gmail .com, मुद्रक: हंसवाहिनी प्रिन्टर्स एण्ड पब्लिकेसन्स प्रा.लि., विराटनगर-४